आज मिति २०७८/०९/२८ गते यस सुन्दरबजार नगरपालिकाको नवौं नगरसभाको बैठक यस नगरपालिकाका नगर प्रमुख श्री जनकराज मिश्र ज्यूको अध्यक्षतामा बस्यो । उक्त सभाको उपस्थिति तपशील अनुसार रह्यो/गरियो ।

## तपशील

क.उपस्थिति

| क.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख (अध्यक्ष) | श्री जनक राज मिश्र | |
| २ | नगर उप प्रमुख | श्री ज्ञानु शाह | |
| ३ | वडा अध्यक्ष वडा नं.- १ | श्री सुर्य बहादुर दुर | |
| ४ | वडा अध्यक्ष वडा नं.- २ | श्री नविन कुमार श्रेष्ठ | |
| ५ | वडा अध्यक्ष वडा नं.- ३ | श्री अमृत नेउपाने | |
| ६ | वडा अध्यक्ष वडा नं.- ४ | श्री कृष्ण राज खनिया | |
| ७ | वडा अध्यक्ष वडा नं.- ५ | श्री ललित गुरुङ | |
| ८ | वडा अध्यक्ष वडा नं.- ६ | श्री रघुनाथ मिश्र | |
| ९ | वडा अध्यक्ष वडा नं.-७ | श्री जयराम रेग्मी | |
| १० | वडा अध्यक्ष वडा नं.- ८ | श्री कृष्ण कान्त अधिकारी | |
| ११ | वडा अध्यक्ष वडा नं.- ९ | श्री मोती प्रसाद गुरुङ | |
| १२ | वडा अध्यक्ष वडा नं.- १० | श्री जय बहादुर अधिकारी | |
| १३ | वडा अध्यक्ष वडा नं.- ११ | श्री प्रेम बहादुर दुरा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री भवानी के.सी | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी पोखरेल | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री चन्द्रमा घिमिरे | |
| १७ | नगर कार्यपालिका सदस्य | सुरेश कुमार दुरा | |
| १८ | नगर कार्यपालिका सदस्य | श्रीमती शान्ता भुजेल | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री राजेन्द्र दर्जी | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बुद्ध कुमारी सुवर्णकार | |
| २१ | वडा सदस्य १ | श्री धनमति गुरुङ | |
| २२ | वडा सदस्य १ | श्री शर्मिला ठडराई | |
| २३ | वडा सदस्य १ | श्री कर्ण बहादुर गुरुङ | |
| २४ | वडा सदस्य १ | श्री बाबु राम सोती | |
| २५ | वडा सदस्य २ | श्री जगत बहादुर खड्का | |
| २६ | वडा सदस्य २ | श्री विन्दु थापा क्षेत्री | |
| २७ | वडा सदस्य २ | श्री फुल माया नेपाली (सार्की) | |

| क्र.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| २८ | वडा सदस्य २ | श्री पुन कुमार श्रेष्ठ | |
| २९ | वडा सदस्य ३ | श्री बाल कुमारी दनाई | |
| ३० | वडा सदस्य ३ | श्री पार्वती देवी वि.क | |
| ३१ | वडा सदस्य ३ | श्री कृष्ण प्रसाद अधिकारी | |
| ३२ | वडा सदस्य ३ | श्री डमर बहादुर गुरुङ | |
| ३३ | वडा सदस्य ४ | श्री बिमला देवी न्यौपाने | |
| ३४ | वडा सदस्य ४ | श्री सरस्वती परियार | |
| ३५ | वडा सदस्य ४ | श्री रेल बहादुर गुरुङ | |
| ३६ | वडा सदस्य ५ | श्री ज्ञान राज खानिया | |
| ३७ | वडा सदस्य ५ | श्री सारदा भट्टराई | |
| ३८ | वडा सदस्य ५ | श्री चन्द्र माया दर्जी | |
| ३९ | वडा सदस्य ५ | श्री यम बहादुर गुरुङ | |
| ४० | वडा सदस्य ५ | श्री श्रीकृष्ण कोइराला | |
| ४१ | वडा सदस्य ६ | श्री कृष्ण मान श्रेष्ठ | |
| ४२ | वडा सदस्य ६ | श्री बल बहादुर कुँवर | |
| ४३ | वडा सदस्य ७ | श्री देवीमाया दर्जी | |
| ४४ | वडा सदस्य ७ | श्री आनन्द राज श्रेष्ठ | |
| ४५ | वडा सदस्य ७ | श्री देबराज गुरुङ | |
| ४६ | वडा सदस्य ८ | श्री अनिता दुलाल सार्की | |
| ४७ | वडा सदस्य ८ | श्री ऋषि राम ढकाल | |
| ४८ | वडा सदस्य ८ | श्री केशर बहादुर कुँवर | |
| ४९ | वडा सदस्य ९ | श्री अमोल खनाल | |
| ५० | वडा सदस्य ९ | श्री मानकृष्ण आर्चाय | |
| ५१ | वडा सदस्य १० | श्री बिना न्यौपाने | |
| ५२ | वडा सदस्य १० | श्री कालीमाया अछामे | |
| ५३ | वडा सदस्य १० | श्री पदम बहादुर दुरा | |
| ५४ | वडा सदस्य १० | श्री प्रेम बहादुर विष्ट | |
| ५५ | वडा सदस्य ११ | श्री सरिता दुरा | |
| ५६ | वडा सदस्य ११ | श्री सन्त माया सार्की | |
| ५७ | वडा सदस्य ११ | श्री जगन काजि दुरा | |
| ५५ | वडा सदस्य ११ | श्री तुल बहादुर दुरा | |
| ५९ | सचिव | श्री दिबाकर पौडेल | |

## मिति २०७८/०९/२८ गतेको नवौं नगरसभाका निर्णयहरु :

निर्णय १

साबिक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुको सेवा व्यवस्थापन गर्नका लागि बनेको "सुन्दरबजार नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको विधेयक,२०७८" उपर दफावार छलफल गरी आवश्यक ससोधन सहित सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।उक्त ऐन राजपत्रमा प्रकाशित भएपछि मात्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय २

"सुन्दरबजार नगरपालिकाको शिक्षा ऐन,२०७५ संसोधन गर्न बनेको विधेयक २०७८" उपर दफावार छलफल गरी आवश्यक ससोधन सहित सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय ३

"सुन्दरबजार नगरपालिकाको सहकारी ऐन,२०७५ संसोधन गर्न बनेको विधेयक २०७८" उपर दफावार छलफल गरी सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय ४

क) यस नगरपालिकामा करार सेवामा कार्यरत विभिन्न सेवाका कर्मचारीहरुको करार सेवा अवधि मिति २०७८।०९।३० मा समाप्त हुने भएकोमा कार्यरत कर्मचारीहरुको सेवा करार अवधि २०७९ असार मसान्त सम्म नविकरण गर्ने निर्णय गरियो ।

ख) मिति २०७४।९।१८ देखि यस नगरपालिकामा ईन्जिनियर पदमा कार्यरत ई.सन्दीप के.सी जवरजस्ती करणी मुद्धामा आरोपित भएको कारण कार्यालयमा हाजिर नगराईएको तर लमजुङ जिल्ला अदालत बेशिसहर, लमजुङको च.न ११८९ मिति २०७८।९।२६ गतेको पत्र अनुसार आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएको भनी लेखी आएको । यस नगरपालिकाको हालसम्म **O&M** तयार नभएको तर प्राविधिक शाखामा कर्मचारीको अभाव र कामको चापको कारण कर्मचारीको आवश्यकता रहेको हुँदा साविक पदमा कामकाज गर्ने गरि निजलाई सेवा करारमा निरन्तरता दिने निर्णय गरियो ।

निर्णय ५

सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन २०७८ मा छुट भएका विभिन्न शुल्क तथा दस्तुरका सम्बन्धमा तपशिल बमोजिमका विषयमा सर्वसम्मत अनुमोदन गर्ने र आर्थिक ऐन २०७९ मा समावेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

क) मिति २०७८।०७।१३ गते बसेको १०६ औं कार्यपालिका बैठकको निर्णय नं ५ मा निर्णय भए बमोजिम यस नगरपालिका अन्तर्गत पशु सेवा शाखामा पशुपंक्षिको लागि सेवाग्राहीहरुले औषधि माग गर्दा आवश्यकता भन्दा बढी माग गर्ने र सो को पूर्ण उपयोग नहुने तथा कार्यालयमा अन्य सेवाग्राहिहरुले औषधि माग गर्दा अपुग हुने देखिएको । साथै उपचारार्थ आएका पशु पंक्षीहरुको दर्ता शुल्क र पोष्ट मार्टम शुल्क समेतलाई व्यवस्थित गर्न तपशिल बमोजिम शुल्क कायम गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं | विवरण | प्रति पशु दर्ता शुल्क रु | कैफियत |
|---|---|---|---|
| १ | गाई/भैसी | १० | |
| २ | भेडा/बाखा | ५ | |
| ३ | हाँस /कुखुरा | १ | |
| ४ | घोडा/खच्चड | २० | |
| ५ | कुकुर/बिरालो | २० | |
| ६ | गाई,भैसी, भेडा,बाखा, घोडा,खच्चड, कुकुर,बिरालो पोष्ट मार्टम | १०० | |
| ७ | हाँस,कुखुरा पोष्ट मार्टम | १० | |
| ८ | कृत्रिम गर्भाधान(गाई,भैंसि,बाखा) | २५ | |

ख) मिति २०७८।०७।१३ गते बसेको १०६ औं कार्यपालिका बैठकको निर्णय नं नं ६ अनुसार नगरपालिकाको प्रशासनिक भवनको सभा हल सरकारी कार्यालय वा निकाय बाहेक अन्य संघ संस्थाले प्रयोग गर्दा प्रतिदिनको रु१५००।(अक्षरुपी पन्ध्र सय मात्र) सरसफाई शुल्क बापत लिने भनी गरिएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

ग) मिति २०७८।०४।०७ गते बसेको १०२ औं कार्यपालिका बैठकको निर्णय नं १६ अनुसार बिलम्ब शुल्क सम्बन्धमा कुनै पनी संघ संस्था समिति व्यवसायीक फर्मले ताकिएको समयसिमा भित्र नविकरण गर्न नआएको सम्बन्धमा बिलम्ब शुल्क बापत आ.व सुरु भए पश्चात असोज मसान्त सम्म नविकरण दस्तुर मात्र लिने ,असोज मसान्त देखि पौष मसान्त सम्म बिलम्ब शुल्क रु १०० मात्र लिने र माघ १ गते

...कराज मिश्र

देखि असार मसान्त सम्म रु २५० र बर्ष पुरा भएपछि जति नविकरण दस्तुर छ त्यति नै बिलम्ब शुल्क लिने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

घ) मिति २०७८।०५।१७ गते बसेको १०४ औं कार्यपालिका बैठकको निर्णय नं ९ अनुसार टेम्पो,अटो रिक्सा र रिक्सा व्यवस्थापन कार्यविधि,२०७८ उपर दफावार छलफल गर्दा उपयुक्त देखिएकोले सो कार्यविधिमा उल्लेख भए बमोजिम दर्ता कर तथा शुल्क अनुमोदन गर्ने निर्णय गरियो ।

ङ) मिति २०७८।०६।१४ गते बसेको १०५ औं कार्यपालिका बैठकको निर्णय नं ११ अनुसार यस नगरपालिका भित्र रहेका विभिन्न खोलाहरुमा रहेको नदिजन्य निर्माण सामाग्री ढुङ्गा,बालुवा,गिटी,ग्रावेलको दररेट यस न.पा.को आर्थिक ऐन २०७८ मा प्रति ट्याक्टर(२.५ घनमिटर) को दर रु ५००। रहेको तर गण्डकी प्रदेशको आर्थिक ऐन २०७८ सँग यस नगरपालिकाको दररेट बाझिन आएको देखिएकोले माथि उल्लेखित नदीजन्य निर्माण सामाग्रीको दररेट प्रति क्यू फिट रु ७ का दरले २.५ घनमिटरको (२.५*३५.२९=८८.२२५ क्यू फिटको रु ७ ले गुणन गर्दा ६१७.५७ र यसमा १३ प्रतिशत भ्याट जाड्दा ६९७.८५ हुने हुँदा प्रदेश सरकारले तोकेको दररेटमा नघट्ने गरी) प्रति ट्याक्टर रु ७००।कायम गर्ने र दररेट संसोधन गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

च)घर जग्गा नामसारी दस्तुर रु २,००० ।(अक्षरेपी दुई हजार मात्र) कायम गर्ने निर्णय गरियो ।

छ)ऐन तथा कार्यविधिको प्रमाणित प्रतिलिपि शुल्क प्रति पेज रु ५ रुपैंया कायम गर्ने निर्णय गरियो ।

ज) बैना पट्टा कागज,मुचुल्का शुल्क रु ५०,०००।(अक्षरुपी पचास हजार मात्र) सम्मको लागि रु २००। र रु ५०,०००।(अक्षरुपी पचास हजार मात्र) भन्दा माथि को लागि रु ४००। कायम गर्ने निर्णय गरियो ।

निर्णय ६

सु.न.पा ७ स्थित सुन्दरबजार अस्पतालमा प्रदेश स्वास्थ्य कार्यालयबाट प्राप्त डिजिटल एक्सरे मेसिन जडान भई कार्य संचालन भईरहेको र सो अस्पतालमा चालु अवस्थामा रहेको म्यानुअल एक्सरे मेसिन प्रयोगमा नआएको । सु.न.पा ८ मा रहेको शहरी स्वास्थ्य केन्द्र भोटेवडारमा कुनै पनी एक्सरे मेसिन नभएको हुँदा सु.न.पा वडा नं ८ र वडा नं ९ को सिफारिस सहित एक्सरे मेसिनको माग भई आएको । सुन्दरबजार अस्पतालको च.नं १६४ मिति २०७८।०९।०९ गतेको पत्र अनुसार सुन्दरबजार अस्पताल व्यवस्थापन समितिको मिति २०७८।०७।२५ गतेको निर्णय बमोजिम उक्त म्यानुअल एक्सरे मेसिन अन्य अस्पतालमा व्यवस्थापन गरिदिनु हुन भनी अनुरोध भए बमोजिम हाल सम्म कुनै पनी एक्सरे मेसिन नभएको

शहरी स्वास्थ्य केन्द्र भोटेवडार लाई म्यानुअल एक्सरे मेसिन हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय ७

आ.व २०७८।७९ मा सुन्दरबजार सहलगानी खानेपानीको लागि विनियोजन गरिएको रु ६०,००,०००।(अक्षरुपी साठी लाख मात्र) सम्बन्धित समितिको खातामा जम्मा हुने गरी सोझै निकासा दिन सर्वसम्मत निर्णय गरियो ।

निर्णय ८

बजेट तथा कार्यक्रम संसोधन सम्बन्धमा

क) वडा नं ११ को वडा कार्यालय भवन निर्माण योजनालाई आगामी वर्षमा समेत काम गर्ने गरी निरन्तरता दिदै क्रमागत योजनामा समावेश गर्ने र उक्त योजनाको लागि बजेट सुनिश्चितता गर्ने निर्णय गरियो ।
ख)सु.न.पा. ४ मा संचालन हुने शिक्षाद्धार निर्माण योजनालाई आगामी वर्षमा समेत काम गर्ने गरी निरन्तरता दिदै क्रमागत योजनामा समावेश गर्ने र उक्त योजनाको लागि बजेट सुनिश्चितता गर्ने निर्णय गरियो ।
ग) मिति २०७८।०९।१४ गतेको १०८ औं कार्यापालिका बैठकको निर्णय नं १३ अनुसार आ.व २०७८।७९ को वार्षिक कार्यक्रम अनुसार सामुदायिक भवनहरु निर्माण शिर्षकमा रु १०,००,०००।(अक्षरुपी दश लाख रुपैंया मात्र) विनियोजन भएकोमा सो शिर्षकलाई सामुदायिक भवनहरु निर्माण,स्तरोन्नति वा मर्मत शिर्षकमा संसोधन गर्ने निर्णय गरियो । संसोधित शिर्षकको रकम तपशिल बमोजिम योजना/कार्यक्रमहरुमा विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

- सु.न.पा ५ मा रहेको घुमाउने सामुदायिक विकास केन्द्र भवन निर्माणको लागि रु १,००,०००(अक्षरुपी एक लाख मात्र)
- सु.न.पा ११ मा रहेको साउनेपानी देवी आमा समुहलाई रु १,००,००० ( अक्षरुपी एक लाख मात्र)
- सु.न.पा ७ मा रहेको आदर्श आर्य समाजलाई रु ३,००,०००(अक्षरुपी तिन लाख मात्र)
- सु.न.पा २ मा रहेको कालिका गुठीलाई रु ३,००,०००(अक्षरुपी तिन लाख मात्र)
- सु.न.पा ६ मा रहेको दुरा समाजलाई रु २,००,०००(अक्षरुपी दुई लाख मात्र)

राज मिश्र

## घ)अन्य संसोधित योजना तथा बजेट सम्बन्धमा :

| सि.नं | योजनाको नाम | विनियोजित रकम रु. | वडा नं | घट रकम | नयाँ योजनाको नाम | रकमान्तर गरी विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सडक तथा अन्य पूर्वाधार विकास कार्यक्रम | २१,००,००० | ७ | | ओम शान्ति सडक डलान कार्य | ७६,५०० | |
| | | | | | वडा नं ७ को विभिन्न सडकमा ग्रावेल गर्ने कार्य | ५,१०,००० | |
| | | | | | ढकाल खोल्सी सिद्धेश्वर कालिका मन्दिर सडक खण्ड पक्की नाला निर्माण | २,७०,००० | |
| | | | | | पाउँदी खण्ड पक्की नाला मर्मत | | |
| | | | | | रमाईलो मर्स्याङ्दी पर्यटन केन्द्र पानी व्यवस्थापन | ३०,००० | |
| | | | | | राम मन्दिर सडक खण्ड पक्की नाला निर्माण | १,१२,००० | |
| | | | | | राम मन्दिर शौचालय मर्मत | १,१०,००० | |
| | | | | | अन्य सडम भित्र पक्की नाला निर्माण | | |
| | | | | | मर्स्याङ्दी आधारभूत विद्यालय पक्की पर्खाल निर्माण | ४०,००० | |
| | | | | | प्रगतिशिल टोल मोटरबाटो ढलान कार्य | ५,२०,००० | |
| | | | | | नेवा खल भवन मर्मत | ९०,००० | |
| | | | | | | २,५०,००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ९४,५०० | |
| २ | सामुदायिक भवन निर्माण कार्यक्रम | ६,००,००० | ७ | | आदर्श आर्य समाज कम्पाउण्ड वाल निर्माण<br>सिद्धेश्वर कालिका सामुदायिक भवन मर्मत<br>अन्नपूर्ण मन्दिर परिसर भित्र ट्रष्ट निर्माण<br>आदर्श युवा क्लब भवन व्यवस्थापन | १,५०,०००<br>१,००,०००<br>२,५०,०००<br>१,००,००० | |
| ३ | ट्रान्सफर्मर खरीद तथा व्यवस्थापन | १२,५०००० | | | | | प्रमुख प्रशासकीय भवनमा |
| ४ | मोटर साईकल खरीद | ३,५०,००० | | | | | बैंक मौज्दातमा बाँकी रकम |
| ५ | आयुर्वेद तर्फको भुक्तानी | १३,९३,४२९ | | | | | |
| ६ | महिला आय आर्जन कार्यक्रम | | ३ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | प्रहरी चौकी दुराडाँडा को भवन र जग्गा खरिद |
| ७ | युवा उद्यम कार्यक्रम | | ३ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | ३ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |
| ९ | नया मोटर बाटो ट्र्याक निर्माण | | ३ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |

...राज मिश्र
प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | मुढा बुन्ने तालिम | | ४ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |
| ११ | चिहानपाटा मुख्य सडकबाट जिम्मल गाँउ जाने बाटो ढलान | | ४ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |
| १२ | सँस्कृति सदन मा.वि शैक्षिक सुधार योजना | | ४ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |
| १३ | दिर्घरोगीहरुलाई औषधि वितरण | | ४ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |
| १४ | ७० वर्ष माथिका जेष्ठ नागरिक सम्मान कार्यक्रम | | १० | रु ३,००,०००। ( अक्षरेपी तिन लाख मात्र) | | | |
| १५ | वडा कार्यालय कार्पेट तथा पर्दा खरिद | | १० | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |
| १६ | दुरा भाषा तथा संस्कृती संरक्षणबाट | | ११ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |
| १७ | महिला शसक्तीकरण कार्यक्रम | | ११ | रु ५०,०००। ( अक्षरेपी पचास हजार मात्र) | | | |
| १८ | सिन्दुरे जात्रा तथा चैते दसै मेला प्रवर्द्धन कार्यक्रम | | ११ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |
| १९ | टनेल निर्माण कार्यक्रम | | ११ | रु ५०,०००। ( अक्षरेपी पचास हजार मात्र) | | | |

[illegible]राज मिश्र
प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण कार्यक्रम | | ११ | रु १,००,०००। ( अक्षरेपी एक लाख मात्र) | | | |
| २१ | निबोटे खानेपानी ट्याङ्की निर्माण | रु ५,००,०००। | ६ | | तमाङ एकता समाज ट्रष्ट निर्माण<br>अन्नपूर्ण मन्दीर ट्वाईले निर्माण | रु ३,००,०००<br>रु २,००,००० | |

राज मिश्र
प्रमुख

ङ) चालु आ.व.को लागि गत असारमा सम्पन्न आठौं नगरसभाबाट पारित भएका बजेट तथा कार्यक्रमहरु तपशिल अनुसार संसोधन गर्ने निर्णय गरियो :

तपशिल

| सि.नं | योजना/कार्यक्रमको नाम | थप रकम रु | घट रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि लागत साझेदारी | २०,००,००० । | | शिक्षा प्रविधि हस्तान्तरण शिर्षकबाट रकमान्तर |
| २ | पाखाटार अन्नपूर्ण मन्दिर सडक खण्ड मर्मत योजना | ९,००,००० । | | २२० के.भि विद्युत प्रशारण वजेट प्राप्त |
| ३ | बजार अनुगमन | २,००,००० । | | नयाँ योजना (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |
| ४ | वार्षिक पुस्तिका प्रकाशन | ३,००,००० । | | नयाँ योजना (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |
| ५ | डिजिटल बोर्ड जडान | ५,००,००० । | | नयाँ योजना (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |
| ६ | नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमिति लमजुङको भवन निर्माणमा सहयोग | ३,००,००० । | | नयाँ योजना (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |
| ७ | डिजिटल नागरिक वडापत्र जडान | ५,००,००० । | | नयाँ योजना (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |

प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ८ | सि.सि.टि.भि जडान | ५,००,००० । | | नयाँ योजना (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |
| ९ | दरबन्दी मिलानमा सहयोग गरी स्वेच्छिक अवकाश लिने शिक्षकलाई प्रोत्साहन सुविधा | १६,५०,००० । | | नयाँ योजना (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |
| १० | शिक्षा प्रविधि उपकरण हस्तान्तरण | ३,५०,००० । | | नयाँ योजना (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |
| ११ | पत्र पत्रिका तथा सूचना प्रकाशन | २,५०,००० । | | साबिकमा रु १५,००,००० । विनियोजन भएकोमा रेडियो भोटेवडारले यस आ.व. भरी सूचना र रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण गरे बापत भुक्तानी दिनको लागि रु २,५०,०००।थप गरिएको |
| १२ | कर्मचारी तलब | | १५,००,०००। | |
| १३ | पदाधिकारी मासिक सुविधा | | ५,००,००० । | |
| १४ | स्थानीय भत्ता | | २,००,००० । | |
| १५ | प्राविधिक कर्मचारी फिल्ड भत्ता | | ५,००,००० | |
| १६ | बिमा तथा नविकरण शुल्क | २,५०,००० । | | थप रकम (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |
| १७ | ब्याक हो लोडर संचालन खर्च | ७,००,००० । | | थप रकम (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट |

| | | | | |
|---|---|---|---|---|
| | | | | घटाइएको रकमबाट व्यहोर्ने) |
| १८ | घरभाडा | | २,००,००० । | |
| १९ | भाषा आयोग | ३,००,००० | | नयाँ योजना (बैंक मौज्दात तथा विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |
| २० | वाईफाई जोन विकास कार्यक्रम | | ५,००,००० | २०,००,००० बाट ५,००,००० घटाई १५,००,००० बाँकी |
| २१ | क्यालेन्डर प्रकाशन | १,००,०००। | | स्काउट शिर्षकमा रहेको रु ५,००,०००। बाट रु १,००,०००। घटाएर रु ४,००,०००। कायम गरिएको । |
| २२ | युवा स्वरोजगार कार्यक्रम | | ३०,००,०००। | |
| २३ | गत आ.व.को कर लगायत का फिर्ता शिर्षकबाट | १०,००,०००। | | |
| २४ | वडा नं ७ को वडा कार्यालय भवन निर्माण | | ६,००,०००। | आठौं नगरसभामा छुट भएकोले |
| २५ | विविध चालु | ९४,००,०००। | | (बैंक मौज्दात, गत आ.व.को कर तथा युवा स्वरोजगार कार्यक्रमको सम्पूर्ण र अन्य विभिन्न कार्यक्रमबाट घटाइएको रकमबाट व्यहोर्ने) |

च) सु.न.पा वडा न. १० को कटरबोट कौलिखोला कर्तपुर गोरेटोबाटो निर्माण योजनालाई कटरबोट कौलिखोला कर्तपुर मोटरबाटो निर्माण योजना हुने गरी संशोधन गर्ने निर्णय गरीयो ।

छ) आ.व २०७८।७९ को बार्षिक कार्यक्रम अन्तर्गत खमारीबोट कोलढाड कालिका मन्दिर परिसर पाटी निर्माणमा विनियोजन भएको रकम रु ९,००,०००। (अक्षरेपी नौ लाख मात्र)र बुढीकन्या चौतारा हुँदै खड्के पानी हुँदै चेली वेटी मार्ग सुत्केरीले

...राज मिश्र

गाडेको ढुङ्गा सम्मको बाटो निर्माणमा विनियोजन भएको रकम रु १,००,०००।( अक्षरेपी एक लाख मात्र)लाई संसोधन गरि थापा चौतारा सेवा मन्दिर प्रा.वि हुँदै टारी चौतारा मोटरबाटो ग्राबेल,पक्कि नाला निर्माणमा रु १०,००,०००।(अक्षरेपी दश लाख मात्र)विनियोजन गर्ने निर्णय गरियो ।

ज) सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७८ भाद्र १७ गते बसेको १०४ औं बैठकको निर्णय नं ६ बमोजिम सु.न.पा ९ पहिरेमा रहेको कि.नं ११८९ को सार्वजनिक जग्गामा सार्वजनिक भवन (कृषि उपज संकलन केन्द्र ) निर्माण गर्ने निर्णय भएकोमा शिर्षकान्तर गरि सोहि स्थानमा रु २०,००,०००।(अक्षरुपी बिस लाख मात्र) लागतमा कृषि उपज संकलन केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय ९

यस नगरपालिकामा सवारी चालक पदमा करार सेवामा कार्यरत विमल शर्मा भट्ट दुर्घटनामा परि घाइते भएको हुँदा उपचार खर्च स्वरुप रु ५०,००० ।(अक्षरेपी पचास हजार मात्र) आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय १०

राष्ट्रिय योजना आयोगको मिति २०७८।०८।२४ गतेको सूचना अनुसार आ.व २०७९।८० मा कार्यान्वयन हुने विशेष तथा समपुरक योजनाको लागि प्रस्ताव माग गरेकोमा सु.न.पा ८ मा “भारती सदन लिंगेडाँडा हुदै रामदी पेट्रोल पम्प मोटरबाटो स्तरोन्नति” योजना बढीमा रु ५०,००,०००।(अक्षरेपी पचास लाख मात्र) सम्म नगरपालिकाले वेहोर्ने गरि समपुक योजना मागको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय ११

सु.न.पा ९ मा रहेको बालुने देखि बेलघारी पुल सम्मको मोटरबाटो सडकको मापदण्ड(**Right of way**) केन्द्र देखि दायाँ ५मिटर बायाँ ५ मिटर गरि जम्मा १० मिटर कायम गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

निर्णय १२

सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको मिति २०७८।०९।१४ गते बसेको १०८ औं बैठकको निर्णय नं ३ बमोजिम जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५को दफा ४ उपदफा १ को खण्ड क बमोजिम प्रशासकीय भवनको, कम्पाउन्ड वाल,क्यारी,चौकिदार भवन,ट्रस सहितको पार्किङ र ढल निकासका लागि कुल ल.ई.बमोजिमको रकम १,२२,००,०००।-(अक्षरेपी एक

...कराज मिश्र
प्रमुख

करोड बाइस लाख मात्र) मध्ये जिल्ला समन्वय समितिबाट रु ५०,००,०००।-(अक्षरेपी पचास लाख मात्र) माग गर्ने र निर्देशिकाको को दफा ८ को उपदफा १ (क) बमोजिम कम्तीमा चालिस प्रतिशत लागत साझेदारी गर्नुपर्ने ब्यबस्था भएकोमा बाँकी नपुग हुन आउने रकम रु ७२,००,०००।-(अक्षरेपी बहत्तर लाख मात्र) यस नगरपालिकाले ब्यहोर्ने गरी प्रतिवद्धता समेत जनाइसकेको हुँदा उक्त योजना अगाडी बढाउने निर्णयलाई सर्वसम्मतबाट अनुमोदन गरियो ।

निर्णय नं १३

राष्ट्रिय योजना आयोगको मिति २०७८।०८।२४ गतेको सूचना अनुसार आ.व २०७९।८० मा कार्यान्वयन हुने विशेष तथा समपुरक योजनाको लागि प्रस्ताव माग गरेकोमा तपशिल अनुसारको योजना विशेष योजना अन्तर्गत राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

क)सुन्दरबजार नगरपालिका वडा नं ११ मा रहेको ऐतिहासिक सिन्दुरे ढुङ्गालाई संरक्षण एवं सुरक्षाको लागि तारबार निर्माण गर्ने,ऐतिहासिक स्वरुपमा परिवर्तन नहुने गरि पार्क निर्माण ।

ख)सुन्दरबजार नगरपालिका वडा नं ३,वडा १० र वडा नं ११ मा रहेको अल्पसंख्यक दुरा जाति र दलित बस्तीमा कृषि उत्पादन र अन्य पशुपालन पकेट क्षेत्र बनाई आय आर्जनमा बृद्धि गर्नका लागि कृषि तथा पशुपालन पकेट क्षेत्र निर्माण ।

निर्णय नं १४

सु.न.पा वडा नं १ का तपशिलका योजनाहरु संघ र प्रदेश सरकार समक्ष वजेट माग गर्न सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

१.सिर्वानी चोक भागीरथी भन्ज्याङ कोईरालाफाँट लोकमार्ग सम्म कालोपत्रे गर्ने ।
२.पतेनी कुरा भन्ज्याङ पाउदीखोला लोकमार्ग सम्म स्तरोन्नती
३.पतेनी भगवती प्रा.वि सम्म कालोपत्रे गर्ने
४.ऐतिहासिक कुन्छा गढीको पुननिर्माण,भ्यू टावर निर्माण ।
५.ज्वाला देवी मन्दिर(भागीरथी) को पुननिर्माण
६. कुरा भन्ज्याङ देखी गोरखकाली सम्म सिंढी निर्माण
७. लेखपानी बिजयपुर हुँदै भागीरथी भन्ज्याङ कोईरालाफाँट जाने मोटरबाटो नाला कटिङ तथा स्तरोन्नति

...राज मिश्र
प्रमुख

८.भागीरथी भञ्ज्याङबाट सिरपानी हुँदै सानो समीको फेद सेढाई गाउँबाट दुईधारेबाट सेवा मन्दिर बुढीकन्याको चौतारा हुँदै खड्केपानी बाटो स्तरोन्नति

९.टारिको चौरबाट खड्केपानी जाने बाटो नाला कटिङ स्तरोन्नति

१०.पतेनीबाट गढीकालिका जाने मोटरबाटो नाला स्तरोन्नति

११.भागीरथी मन्दिरमा लाग्ने विभन्न मेला उत्सबका लागि धारा पाटी निर्माण र मन्दिर संरक्षण

निर्णय नं १५

नेपालको संविधान धारा २४१ मा स्थानीय तहको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ। लेखा परीक्षण ऐन २०७५ को दफा २०(२) मा महालेखा परीक्षकले प्रत्येक गाँउपालिका र नगरपालिकाको लेखा परीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही बमोजिम यस सुन्दरबजार नगरपालिकाको आ.व.२०७४।७५, ०७५।०७६, ०७६।०७७ र ०७७।०७८ को आर्थिक कारोबारको लेखा परीक्षण सम्पन्न गरी कैफियत सहितको प्रतिवेदन प्राप्त भएको । यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७८।०३।०५ मा बसेको १०० औं बैठकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ बमोजिम तीन सदस्यीय लेखा समिति गठन गरी हामीलाई महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गर्दा औल्याईएका बेरुजु रकमहरु माथि अध्ययन एवम् छलफल गरी नियमानुसार नियमित गर्न सकिने बेरुजुको प्रतिवेदन तयार गरी सम्परीक्षणका लागि कारवाही अघि बढाउने प्रयोजनका लागि नगरसभामा पेश गर्ने अधिकार प्रत्यायोजन भए बमोजिम लेखा समितिको मिति २०७८।०४।०८ गते बसेको बैठकले गरेका दुई वटा निर्णय,२०७८।०४।१९ गते बसेको बैठकले गरेका दुई वटा निर्णय,२०७८।०५।०३ गते बसेको बैठकले गरेका दुई वटा निर्णय, २०७८।०५।०७ गते बसेको बैठकले गरेका दुई वटा निर्णय, २०७८।०५।२८ गते बसेको बैठकले गरेका दुई वटा निर्णय, २०७८।०६।०८ गते बसेको बैठकले गरेका दुई वटा निर्णय,२०७८।०६।१४ गते बसेको बैठकले गरेका दुई वटा निर्णय, २०७८।०६।१८ गते बसेको बैठकले गरेका दुई वटा निर्णय, २०७८।०७।०५ गते बसेको बैठकले गरेका दुई वटा निर्णय, २०७८।०८।१४

गते बसेको बैठकले गरेका दुई वटा निर्णय, २०७८।०८।२३ गते बसेको बैठकले गरेका दुई वटा निर्णय र २०७८।०९।१४ गते बसेको बैठकले गरेका चार वटा निर्णयसहित जम्मा २६ वटा निर्णय समावेश गरी तयार गरिएको प्रतिवेदन सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

राज मिश्र
प्रमुख